# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९५ | काठमाडौं | शुक्रबार, २४ कात्तिक २०८० | Prabhab National Daily | Friday, November 10, 2023 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।-


# सिंहदरबारलाई दबाब



प्रदेशले पाउनुपर्ने संवैधानिक अधिकार जुनजुन छन्, त्यो अहिलेसम्म पाएका छैनौं । त्यही कारण हामीले मधेस प्रदेशस्थित सबै दल र सबै मन्त्रीहरूको उपस्थितिमा छ बुँदे ध्यानाकर्षणपत्र प्रधानमन्त्रीलाई बुझायौं ।

■ **सरोजकुमार यादव**
मुख्यमन्त्री, मधेस प्रदेश



हामीले हाम्रो अधिकार ल्याउनका लागि र जनतालाई डेलिभरी दिनका लागि, संघीय सरकारले कब्जा गरेर राखेका अधिकारलाई ल्याउन मुद्दा हाल्न पनि सक्छौं । संविधानले दिएको प्रदेशको अधिकार प्रदेशमै ल्याउनका लागि सिंहदरबारमा गएर धर्ना दिन पनि सकिन्छ ।

■ **केदार कार्की**
मुख्यमन्त्री, कोशी प्रदेश

■ **जेबी योञ्जन**



**प्रधानमन्त्री पुष्पकमल दाहाललाई ध्यानाकर्षणपत्र बुझाउँदै मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव ।** *तस्बिर: सामाजिक सञ्जाल*

**काठमाडौं–** संघीयताको मुख्य खम्बा मानिने प्रदेशको संविधानप्रदत्त एकल र साझा अधिकार कार्यान्वयनमा संघीय सरकार बाधक बनेपछि एकपछि अर्को प्रदेश विद्रोहमा उत्रन थालेका छन् । प्रदेशहरूले आफ्नो अधिकार प्राप्तिका लागि संघीय सरकारमाथि दबाब बढाएका हुन् ।

संविधानवादमा विश्वास गर्ने र संघीयता पक्षधर भनिएका दलहरूको गठबन्धन सरकार भए पनि संघीयताको मर्मअनुसार प्रदेशलाई अधिकार प्रत्यायोजन गर्न कञ्जुस्याइँ गरिरहेको छ । जसकारण प्रदेशले अपेक्षाअनुसार काम गर्न सकेका छैनन् । जसको परिणामः संघीयता खारेजीको आवाज चर्किँदै गएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

प्रदेशलाई सबल र सक्षम बनाउँदै संविधानमा उल्लिखित सूचीअनुसारका अधिकार कार्यान्वयन गराउन संघीय सरकारले चोहेको छैन । यसविरुद्ध मधेस, कोशी र बागमती सरकार उभिएका छन् । त्यसो त अन्य प्रदेशका मुख्यमन्त्रीहरूले पनि पटक-पटक संघीय सरकारको केन्द्रिकृत शासनमोहप्रति असन्तुष्टि र विरोध जनाउँदै आएका छन् ।

यहीबीच मधेसका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको प्रतिनिधिमण्डलले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर छ बुँदे मागसहितको ध्यानाकर्षणपत्र बुझाएको छ । ती माग सम्बोधन गर्ने समयसीमा ३० दिन दिइएको छ । ध्यानाकर्षणपत्र बुझाएपछि पत्रकारहरूसँग मुख्यमन्त्री यादवले समयसीमाभित्र माग पूरा नभए शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी दिए ।

'प्रदेशले पाउनुपर्ने संवैधानिक अधिकार जुन-जुन छन्, त्यो अहिलेसम्म पाएका छैनौं । त्यही कारण हामीले मधेस प्रदेशस्थित सबै दल र सबै मन्त्रीहरूको उपस्थितिमा छ बुँदे ध्यानाकर्षणपत्र प्रधानमन्त्रीलाई दियौं,' उनले भने, '३० दिनको समयसमीमा छ । नभए हामी शान्तिपूर्ण आन्दोलनमा जान्छौं ।'

मधेस सरकारले प्रदेश प्रहरी समायोजन ऐन, संघीय निजामती कर्मचारी सेवा ऐन, सार्वजनिक जग्गा, गुठी जग्गा, अर्थ र अभियोजनसम्बन्धी ऐन छिटो बनाउन संघीय सरकारलाई दबाब दिएको हो । यसअघि पनि बारम्बार मधेस सरकारले संघ सरकारलाई दबाब दिएको थियो । तर, सुनुवाइ भएको छैन । (**बाँकी पष्ठ २ मा**)

# बढ्दो चिनियाँ चासो

■ **प्रभाव संवाददाता**



**राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेटवार्ता गर्दै चिनियाँ प्रतिनिधिमण्डल ।** *तस्बिर: रासस*

**काठमाडौं–** नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिस्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ जुनझेङ नेतृत्वको प्रतिनिधिमण्डल बिहीबार राजनीतिक भेटवार्तामा व्यस्त रह्यो । प्रतिनिधिमण्डलले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्‍यो ।

प्रधानमन्त्री दाहाललाई उनकै सरकारी निवास बालुवाटारमा भेट गरेको थियो भने राष्ट्रपति पौडेललाई शीतलनिवासमा । भेटका क्रममा आपसी हित र चासोका विविध विषयमा विचार विमर्श भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ । सो अवसरमा प्रधानमन्त्री दाहालले हिमालय पार सम्पर्क सञ्जाल दुई देशका लागि महत्त्वपूर्ण भएको बताउँदै त्यसलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिएको प्रधानमन्त्रीका प्रेसविज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिए ।

उनका अनुसार प्रधानमन्त्री दाहालले चिनियाँ सरकारको सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान प्रान्तबाट सीधा उडानको अपेक्षा गरेको बताए । नेपालले आसन्न विश्व जलवायु सम्मेलनमा जलवायु परिवर्तनका असरको विषयलाई मुख्य एजेण्डाका रूपमा उठाउने जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यसमा चीनजस्ता ठूला मुलुकले पनि सहयोग गर्नुपर्नेमा जोड दिएका थिए । विश्वमञ्चमा जलवायु परिवर्तनले पारेको असरबारे नेपालले उठाएका विषयमा समर्थन गर्न पनि उनले आग्रह गरेका थिए ।

- प्रधानमन्त्री र राष्ट्रपतिसँग शिष्टाचार भेट
- हिमालय पार सम्पर्क सञ्जाल कार्यान्वयनमा प्रधानमन्त्रीको जोड
- सिचुवान प्रान्तबाट पोखरामा सीधा उडानको अपेक्षा

प्रधानमन्त्री दाहालले नेपाल र तिब्बतको सीमामा रहेका नाका सहजरूपमा सञ्चालन गर्न चीन सरकारले पहल लिएकामा धन्यवाद दिँदै मित्रराष्ट्र चीनबाट आगामी दिनमा थप सहजीकरणसहित सहयोग प्राप्त हुने अपेक्षा गरे । नेपालमा गएको भूकम्पका समयमा चीन सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भूकम्पको पूर्वसूचना संयन्त्र विकासमा पनि नेपालले अपेक्षा गरेको उल्लेख गरे ।
(**बाँकी पष्ठ २ मा**)






**सन्दर्भ : वैदेशिक रोजगार**

# सीपयुक्त जनशक्ति उत्पादनमा कोरियाले सघाउने




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले सीपयुक्त दक्ष जनशक्ति उत्पादनका लागि सहयोग गर्ने भएको छ । अन्तर्राष्ट्रिय श्रमबजारमा नेपाली श्रमिकको माग बढिरहेको सन्दर्भमा एचआरडी कोरियाअन्तर्गत ग्लोबल इन्स्टिच्युट अफ ट्रान्सफरिङ स्किल्स (गिफ्टस)ले सीपयुक्त दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने भएको हो ।

यसका लागि बिहीबार भैँसेपाटीस्थित व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान र गिफ्टस) बीच सम्झौता भएको छ। सम्झौतापत्रमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीको उपस्थितिमा प्रतिष्ठानका कार्यकारी निर्देशक उमाकान्त आचार्य र गिफ्टसका कार्यकारी निर्देशक बियुङ वुक लीले हस्ताक्षर गरेका छन् । प्रतिष्ठानले प्रदान गर्ने व्यावसायिक तालिम तथा सीप विकासलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गिफ्टससँग सम्झौता गरिएको बताइएको छ । द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएसँगै नेपालको दक्ष जनशक्ति उत्पादनमा कोरियाले गिफ्टसमार्फत प्रतिष्ठानलाई अत्याधुनिक प्रविधियुक्त बनाउन आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ ।

सम्झौतापत्रमा द्विपक्षीय पारस्परिक र साझा चासोका क्षेत्र पहिचान गरी सहकार्य गर्ने जनाउँदै सीप विकास, परीक्षणलगायत क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने उल्लेख गरिएको छ । साथै गिफ्टसले कोरिया रोजगारीबाट फर्केर आएका नेपालीहरूको पुनःएकीकरणका लागि पनि सहयोग गर्नेछ । यसैगरी थप सहकार्यका लागि विभिन्न क्षेत्र पहिचान गरेर अगाडि बढ्न सकिने उल्लेख छ ।

कोरियामा मात्र नभई अन्य गन्तव्यमा पनि दक्ष जनशक्तिको आवश्यकता रहेको भन्दै गिफ्टससँगको सहकार्यले थप सीपयुक्त दक्ष श्रमिक उत्पादन हुनेमा विश्वस्त रहेको सचिव भण्डारीले बताए । 'कोरियाको विकास, सूचना प्रविधि संसारकै अनुकरणीय रहेको छ,' उनले भने, 'अब सीप विकास तालिम लिएर कोरिया जाने नेपाली श्रमिकले धेरै कुरा सिक्ने अवसर प्राप्त गर्नेछन् ।'

प्रतिष्ठानका कार्यकारी निर्देशक आचार्यले दक्षिण कोरिया रोजगारीका लागि नेपालीहरूको सबैभन्दा अकर्षक गन्तव्य रहेको उल्लेख गर्दै थप सीप सिकेर जाँदा कोरियासँगै अन्य देशमा पनि काम गर्न सहज हुने बताए । इपिएस कोरिया शाखाका निर्देशक गुरूदत्त सुवेदीले कोरियाको गिफ्टससँगको सहकार्यले थप एक्सन प्लान बनाएर अघि बढ्न टेवा पुग्ने बताए । 'कोरिया जानेमात्र नभई सबै नेपालीहरूले स्वरोजगारका लागिसमेत सीप विकास तालिमको मौका पाउनेछन्,' उनले भने, 'हालसम्म पूर्वप्रस्थान अभिमुखीकरण (पिडिओटी) तालिममा मात्रै केन्द्रित गरिँदै आएकोमा अब कोरियासहितको अन्तर्राष्ट्रिय श्रमबजारमा आवश्यक पर्ने सीपमा विकासमा पनि जोड दिइने छ ।'

गिफ्टसका कार्यकारी निर्देशक लीले नेपालीहरू कोरियाली रोजगारदाताको प्राथमिकतामा परेको भन्दै आगामी दिनमा अझ धेरै श्रमिक पठाउनका लागि नेपाल सरकारलाई थप सहयोग गर्न कोरिया तत्पर रहेको बताए । सन् २००७ मा नेपाल-कोरियाबीच सजटुजी सम्झौता भएपश्चात् २००८ देखि इपिएस प्रणालीमार्फत नेपालीहरू रोजगारीका लागि दक्षिण कोरिया जाँदै आएका छन् ।

## सिंहदरबारलाई...

पृष्ठ १ बाट जारी

देश संघीय संरचनामा गएको भने आठ वर्ष बितिसक्यो। तर, संघीयताको मुख्य खम्बा मानिएको प्रदेश सरकारहरूले संविधान र संघीयताको मर्मअनुसार अधिकार नपाएको गुनासो गर्दै आएका छन्। अघिल्लो संसद्को कार्यकालमा पनि मधेस प्रदेश संघीय सरकारविरुद्ध सर्वाधिक आक्रामक बनेको थियो। मधेसले विभिन्न पाँच विषयमा संघीविरुद्ध मुद्दा नै दायर गरेको थियो। त्यतिबेला मधेसमा जनता समाजवादी पार्टी (जसपा)का लालबाबु राउत मुख्यमन्त्री थिए। संघमा तत्कालीन नेकपाका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए। दुई फरक पार्टीको सरकार भएकोले उक्त टसललाई सामान्य रूपमा हेरिएको थियो। अहिले भने गठबन्धन दलहरूकै प्रदेशदेखि संघसम्म सरकारहरू छन्। मधेसमा गठबन्धनको एउटा घटक जसपा नेतृत्वको सरकार छ। तर, पनि संविधानअनुसारको अधिकार कार्यान्वयनमा बाधक बनेको भन्दै संघीय सरकारलाई मधेस सरकारले चेतावनी दिएको हो।

बिहीबार नै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले पनि संविधानअनुसारका अधिकार कार्यान्वयन गर्ने सन्दर्भमा संघ सरकार बाधक बनेको र सिंहदरबारमै गएर धर्ना दिन सकिने बताए। सांसद गोम्बु शेर्पाले संसद्मा भएको 'मुख्यमन्त्रीसँग प्रश्नोत्तर' कार्यक्रममा प्रदेशको अधिकार प्राप्तिका लागि तपाईंको योजना के छ ? भनेर सोधेका थिए।

जवाफमा उनले भने, 'हामीले हाम्रो अधिकार ल्याउनका लागि र जनतालाई डेलिभरी दिनका लागि, संघीय सरकारले कब्जा गरेर राखेका अधिकारलाई ल्याउन मुद्दा हाल्न पनि सक्छौं। संविधानले दिएको प्रदेशको अधिकार प्रदेशमै ल्याउनका लागि सिंहदरबारमा गएर धर्ना दिन पनि सकिन्छ।'

मुख्यमन्त्री कार्कीले वर्तमान गठबन्धन सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्न ढिला गरेको आरोप लगाए। उनका अनुसार अघिल्लो देउवा सरकार पनि त्यस्तै थियो।

'अहिले संघीय संसद्ले प्रदेश र स्थानीय तहका अधिकारहरू स्थापित हुने खालका संविधानका अधिकारलाई प्रत्यायोजन गर्न कानुनहरू बनाउन ढिलासुस्ती गरिरहेको छ। अघिल्लो सरकारले त्यस्तै गतिविधि थियो,' उनले आक्रोशित हुँदै भने, 'अब हामी यही अवस्थामा बसिरहन सक्दैनौं।'

हालै बागमती प्रदेश सरकारले संघीय सरकारविरुद्ध सर्वोच्चमा मुद्दा दायर गरिसकेको छ। मुद्दा विचाराधीन अवस्थामा छ। मुद्दाको निवेदक बागमतीका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल हुन्। प्रदेशको अधिकारमाथि हस्तक्षेप गरेको भन्दै यही १४ कात्तिकमा संघ सरकारविरुद्ध लम्सालले रिट दायर गरेका हुन्।

बागमतीले संघीय सरकारको सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ विरुद्ध रिट निवेदन दिएको हो। श्रममन्त्री लम्साल एकीकृत समाजवादी पार्टीका हुन्। यद्यपि, यहाँ प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको पार्टी नेकपा माओवादी केन्द्रकै शालिकराम जम्कट्टेलको मुख्यमन्त्री छन्। संघीय सरकारले सार्वजनिक यातायात व्यवस्थापनसम्बन्धी प्रदेशको अधिकारमा हस्तक्षेप गरेको भन्दै बागमतीको मन्त्रिपरिषद् बैठकले नै सर्वोच्च अदालतमा बागमती प्रदेशका तर्फबाट रिट निवेदन दर्ता गर्ने निर्णय गरेको थियो।

प्रदेश सरकारले प्रदेशभित्र यातायातसम्बन्धी व्यवस्थापनको संविधानप्रदत्त अधिकार पाएकोमा काठमाडौं उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट झिकी, अलग गर्न खोजेपछि बागमती प्रदेश सरकार सर्वोच्च अदालत पुगेको हो।

ऐनअनुसार संघीय सरकारले काठमाडौं उपत्यकाको सार्वजनिक यातायात सेवा आफूमातहत रहनेगरी संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने प्रक्रियासमेत सुरु गरिसकेको छ। बागमती प्रदेशका मन्त्रीहरू भने उपत्यकाका तीन जिल्लाका विषयमा आफूहरूले कुनै निर्णय गर्न नपाउँदा प्रदेश सरकार नै कमजोर भएको गुनासो गर्दै आएका छन्। तर, संघीय सरकारले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त गरिसकेको छ। यातायात मन्त्रालयका सहसचिव कुवेर नेपाली सिइओमा नियुक्त भएका छन्। यसलाई लिएर बागमती प्रदेश सरकार असन्तुष्ट छ।

तत्कालीन मुख्यमन्त्री राजेन्द्र पाण्डेले पनि प्रहरी समायोजनको अधिकारलाई लिएर कानुनी उपचारमा जाने चेतावनी दिएका थिए। तत्कालीन गण्डकीका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पनि संघ सरकार संविधानमा उल्लेखित अधिकारहरू कार्यान्वयन गराउन गम्भीर नबनेको भन्दै आक्रोशित थिए। जतिबेला उनी आबद्ध तत्कालीन दल नेकपाका अध्यक्षसमेत रहेका ओली प्रधानमन्त्री थिए। ओली नेतृत्वको सरकारलाई उनी प्रदेशविरोधी सरकार भन्थे। यतिबेला भने अन्य प्रदेशहरूले पनि अधिकारको सन्दर्भमा संघ सरकारलाई लगातार खबरदारी र चेतावनी दिँदै आएका छन्।

संघीयताअनुसारको मुख्य संरचना भनेकै प्रदेश हो। प्रदेशहरूको सबलीकरणका लागि संविधानतः निश्चित गरिएका एकल र साझा अधिकार कार्यान्वयनसम्बन्धी कानुन बनाउने जिम्मा केन्द्र सरकारको हो। यसमा केन्द्र सरकारको मौनजस्तै देखिएको छ।

पूर्व महान्यायाधिवक्ता रमेश बडाललाई त वर्तमान गठबन्धन सरकार संघीयताविरोधी लाग्छ। उनका अनुसार प्रदेशको क्षेत्राधिकारभित्र पर्ने अधिकार प्रयोग गर्ने कानुनहरू जे जति बनाउनुपर्थ्यो, तत्कालीन माओवादी सभापति शशी श्रेष्ठ नेतृत्वको राज्यव्यवस्था समितिले अड्काएर राख्यो र गठबन्धन सरकारमा आएपछि विधेयकहरूलाई समाप्त पारियो।

'ओलीका पालामा प्रदेश र स्थानीय सरकारसम्बन्धी धेरै कानुन बने। देउवा र दाहालको सरकारले बनाएनन्। बरु, विधेयकहरू नै समाप्त पार्ने काम भयो,' उनले प्रभावसँग भने।

## बढ्दो चिनियाँ...

पृष्ठ १ बाट जारी

उनले ल्हासा-काठमाडौं सीधा उडानको तयारीप्रति चीन सरकारलाई धन्यवाद व्यक्त गरेका थिए। एक चीन नीति नेपालको राष्ट्रिय नीति भएको उनले स्पष्ट पारेका थिए।

चिनियाँ पक्षले ल्हासा विमानस्थलको एउटा टर्मिनलको काम सक्न बाँकी रहेको र त्यो सकिनेबित्तिकै ल्हासा-काठमाडौं प्रत्यक्ष उडान हुने प्रधानमन्त्री दाहाललाई जानकारी गराएका थिए।

त्यसैगरी सचिव जुनझेङले पूर्वाधार, नेपाल-चीन सम्पर्क सञ्जाल, आर्थिक विकास र पर्यटनका क्षेत्रमा नेपालसँग मिलेर काम गर्न चाहेको बताए। उनले जनताजनताबीचको सम्बन्ध विकासका लागि नेपालको प्राथमिकतामा रहेको उल्लेख गर्दै त्यसका लागि दुई देशबीचको विभिन्न तहमा भइरहेका भ्रमणले पुष्टि गर्ने बताए।

सचिव जुनझेङले हालै जाजरकोट भूकम्पमा परी मृत्यु भएकाप्रति चीन सरकारका तर्फबाट गहिरो दुःख व्यक्त गर्दै अरु थप सहयोग गर्ने विषयमा चीन तयार रहेको बताउनुभयो। उनले विगतदेखि नेपालले लिँदै आएको एक चीन नीतिप्रति नेपाल सरकारलाई धन्यवाद व्यक्त गरेका प्रेसविज्ञ तिमिल्सिनाले जानकारी दिए। यसअघि चीनसँग भएका सम्झौता कार्यान्वयन गरिने विषयमा पनि छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**कृषि विभाग**
**राष्ट्रिय फलफुल विकास केन्द्र**
**समशितोष्ण बागवानी केन्द्र कीर्तिपुर**

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/२४**

चालु आ.व. २०८०/०८१ मा यस केन्द्रको लागि तपसिल अनुसारको खरिद कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/व्यवसायीहरुबाट निम्न शर्तहरु अनुसार रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा तोकिएको दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक लि. टेकु शाखाको खाता नं. १०००१००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ कार्यालय कोड नं. ३१२०१३५०१ मा दाखिला भएको बैंक भौचर, संलग्न राखी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले लिखित निवेदन दिई दरभाउपत्र खरिद गर्न सकिनेछ।

**आवस्यक कागजात तथा सर्तहरु**

क. निबेदन साथ स्थायी लेखा नं.,मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र, अध्यावधिक नविकरणसहितको इजाजत पत्रहरुका प्रमाणित प्रतिलिपी संलग्न हुनु पर्ने छ।

ख. कालो सुचीमा दर्ता नभएको स्वघोषण पत्र।

ग. प्रस्ताव अनुसारको कार्यको लागि इजाजत प्राप्त संस्था वा कम्पनी।

घ. सिलवन्दी दरभाउपत्रको अंक र अक्षर महलमा सकार गरेको मूल्य अभिबृद्धि कर बाहेकका दररेट स्पष्टसंग लेखि प्रत्येक पानामा हस्ताक्षर गरी पेस गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। केरमेट भएको स्थानमा अख्तियारवालाको हस्ताक्षर हुनुपर्नेछ।

२. सिलबन्दी दरभाउपत्र साथ जमानत वापतको बिडबन्ड रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक लि. टेकु शाखाको धरौटी खाता नं १७००१००१०२०३०००० कार्यालय कोड नं. ३१२०१३५०१ मा जम्मा गरेको भौचर वा सोही रकम बराबर मान्यता प्राप्त बाणिज्य बैंकले यस केन्द्रको नाममा जारी गरेको कम्तीमा दाखिला गर्ने अन्तिम दिन देखि ७५ दिन म्याद भएको दरभाउपत्र जमानत संलग्न गर्नुपर्नेछ।

३. म्यादभित्र खरिद गरिएका दरभाउपत्र १६ औं दिन (त्यस दिन सार्वजनिक विदा परेमा भोलि पल्ट) दिनको १२:०० बजेसम्म खामको बाहिर ठे.नं., कार्यालयको नाम, फर्मको नाम, ठेगाना लेखी यस केन्द्रमा दर्ता गर्नुपर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिन २:०० बजे नियमानुसार प्रतिनिधीहिरुका रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि खोल्न वाधा पर्नेछैन।

४. सिलवन्दी दरभाउपत्र दर्ता गर्ने फर्महरुले खरिद सम्बन्धमा राम्ररी बुझी भरेको मानिने छ।

५. रित नपुगेको, सर्त गरिएका, म्याद नाघी प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

६. यस सूचनामा छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुने छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र खरिद दस्तुर (रु.) | दरभाउपत्र जमानत रकम (रु.) | लागत अनुमान रु. (भ्याट र कन्टीन्जेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| २/२०८०/८१ | एभोकाडोको विरुवा हुर्काउनका लागि सेन्सर सहितको हाइटेक पलास्टिक घर निर्माण | १०००.०० | ४००००.०० | १४५२७३०.५१ | |

**वरिष्ठ बागवानी विकास अधिकृत**



### सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध महाकाल शानधारामार्ग काठमाडौं, फोन नं. ०१-४८२२२२२

### ऋणीको कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२४

यस सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्थाबाट विभिन्न मितिमा व्यावसायिक (घरायसी) कर्जा शिर्षक अन्तर्गत ऋणी श्रीमती उमा बम यस संस्थामा सुरक्षण बापत सम्पत्ति धितो जमानत राखी समयमै तिर्नुपर्ने साँवा ब्याज लगायतका रकम नतिरी ऋण सम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक र लिखित ताकेता गर्दा समेत संस्थाको समय समयमा बुझाउनुपर्ने साँवा ब्याज हर्जना रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने बाँकी साँवा ब्याज हर्जना समेत बुझाउनहुन यो सूचना मार्फत सूचित गरिन्छ। अन्यथा निजले यस संस्थामा धितो स्वरूप लेखी लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ बमोजिम संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी जमानी कर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ऋणीको तीनपुस्ते नाम, ठेगाना तथा सुरक्षणको विवरण:**

| ऋणीको नाम, थर वतन | धितोको विवरण |
|---|---|
| नाम : श्रीमती उमा बम<br>पति : स्व. कमल बम<br>बुवा : चक्र ब. सिंह राठौर<br>ससुरा: ब्रहमा सिहं बम<br>ठेगाना : सेती अञ्चल कैलाली जिल्ला दोदोधरा बडा नं २ हाल का.म.पा.६ शान्तिनगर | काठमाडौं: गागलफेदी वडा नं ४ "ख" कि.नं. १३२<br>क्षेत्रफल ०-९-०-० २८६/१७ व.मि. बारी मोठ १६०४ क |



**ब्याँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुन्सेरा, दार्चुला**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः २०८०/०७/२४ गते**

यस ब्याँस गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय सुन्सेराको आ.ब.२०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि बिभिन्न मितिमा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | सिफारिस भएको बोलपत्रदाताको नाम | कबोल रकम |
|---|---|---|---|
| 01-VRM-NCB-2080/81 | Construction of Shree Himalaya Higher Secondary School, Byans -06 Huti | 1- Aabaran Metal Engineering construction Pvt. Ltd. Bharatpur-9 Chitwan | रु ३,२२,१३,३०३.६८ मु.अ.क. सहित |

**प्रमुख प्रशासकिय अधिकृत**



**ताादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खरानीटार, नुवाकोट**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८०।०७।२४)**

यस कार्यालयवाट मिति २०८०।०५।३१ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्य सम्बन्धि तादी गाउँपालिकाको ठेक्का Contract ID नं TRM/W/R/2080/81-1, TRM/W/R/2080/81-2, TRM/W/R/2080/81-3 को प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|
| TRM/W/R/2080/81-1 | Kharanitar Prabhudada Dadagaun Dorkhu Khola Sadak Starunnati | रोहना कन्स्ट्रक्सन, तादी गाउँपालिका, वडा नं ३ | ८५,६५,१२७१९ |
| TRM/W/R/2080/81-2 | Dadagau Simle Chilaune Sadak Starunnati | रोहना कन्स्ट्रक्सन,तादी गाउँपालिका, वडा नं ३ | ८१,१०,७८०।७५ |
| TRM/W/R/2080/81-3 | Satbise Bagmara Sadak Starunnati | स्कील फिल्ड कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., तादी गाउँपालिका, वडा नं ४ तामे | ८२,९०,४९९।९० |

**प्रमुख प्रशासकीय अधिकृत**



### श्री राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, सिंहदरबार काठमाडौं

### बोलपत्र आव्हानको सूचना

**सूचना नं. NSCS/२०८०/८१/०१ मा**
**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/२४ गते)**

आर्थिक वर्ष २०८०/८१ यस राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, सिंहदरबारमा Meeting Hall निर्माण कार्यको लागि e–GP (विद्युतीय बोलपत्र) को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ। नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक बोलपत्रदाताले विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट http:bolpatra.gov.np.egp हेर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

**बोलपत्रको विवरण**

| सि.नं. | कार्यालय | स्थान | कार्यक्रम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | सिंहदरबार | Interior Work for Meeting Hall | २५,६६,९८३.०० | |



## Hupsekot Rural Municipality

**Office Of Rural Municipal Executive**
**Jhayalbas, Nawalparasi (Bardaghat Susta East)**
**Gandaki Province**

# Invitation for Bids

**First Date of Notice Publication: - 2080/07/24 (10/11/2023)**

**Hupsekot Rural Municipality,Jhyalbas (East of Bardaghat Susta) invites Electronic Bids from eligible bidders for the Contracts name of below.**

| S.N. | Works Description | Contract Nos. | Price of Bid Document (Non refundable NRs.) | Minimum Bid Security Amount NRs. |
|---|---|---|---|---|
| 1. | Rudrapur Water Supply Project (Water Lifting Work For Dauwadi and Ramche ) | Hup/Ncb/W/02/080/81 | 3,000.00 | 2,90,000/- |

1. Bidders may obtain further information at the office of Hupsekot Rural Municipality, Jhayalbas, Tel: - 078-590700 or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
2. Bidding Document available online and can be download from e-Gp System.
3. Bidder shall have the option of submitting their bids electronically only. Submission Of hard copy bids shall not be entertained.
4. Matters not covered in this notice shall be in accordance will prevailing Rules and regulation of GoN.
5. Any amendment in the tender notice will be posted in the notice board of office and PPMO'S website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# राहतको पर्खाइमा छिन् हीरा

**भेरीगंगा (सुर्खेत)**– रुकुम-पश्चिम आठबिसकोट हीरा विक माइतीमा नगएको धेरै भएको थियो । दाइहरू भदाभदैसँग भेट्न जाने भन्दाभन्दै घरको कामले समय नै मिलाउन नसकेर उनी माइतीमा जान पाएकी थिइनन् ।

यही कात्तिक १७ गते उनी घरको कामबाट फुर्सद मिलाएर भेटघाटका लागि माइतीमा गइन् । धेरैपछि आएकी बहिनीलाई माइतीमा मिठोमसिनो खुवाउनुपर्छ भनेर उनको दाइले मासु किनेर ल्याए । अनि सबैजना खाना खाएर सुख दुःखका कुराकानी गर्दै थिए । अनि हीराको दाइले रात धेरै गइसक्यो बहिनी अब सुत्नुपर्छ भनेपछि सबैजना आफ्नो आफ्नो कोठामा गए ।

उनीहरू सबैजना सुत्नेबेला घडीमा रातको साढे ११ बजेको थियो । 'म माइतीमा पाहुना आएको थिएँ,' हीराले भनिन्, 'धेरैपछि माइतीमा आउँदाको खुसी धेरै थियो । सबैजना सुखदुःखका कुरा गरेर बसिरहेका थियौं । दाइले अब धेरै रात बित्यो सुत्नुपर्छ भनेपछि हामी सबै सुत्न आफ्नो आफ्नो कोठामा गयौं । कोठामा भर्खर सुतेका थियौं, घर हल्लिन थाल्यो एकैछिमा सबै घर तल खस्यो ।'

भाग्यले आफ्नो ज्यान जोगिएकी हीराले बाहिर चिच्यावट आवाज आएपछि मात्रै घर भत्किएको थाहा भएको उनी बताउँछिन् । 'हामी सबै घरभित्र पुरियौं । गाउँका बाँचेका दाइभाइ आएर आधा घण्टापछि हामीलाई निकाल्नुभयो,' हीराले भनिन्, 'सबै बेहोस अवस्थामा थिए, कोही बाँच्नुभयो भने कोही सधैंका लागि छोडेर गए ।'

दाइभाइ र भदाभदैसँग भेट्न आएकी हीराले सबैसँग भेट्न पाइन् । तर दाइकी छोरीसँगको त्यो भेट अन्तिम रहेछ । 'कानले सबै कुरा सुनेको थिएँ । भदैनीले फूपु बचाउनुहोस् बचाउनुहोस् भनेको याद ताजै छ, अलि छिटो निकालेको भए सकभर भदैनी बाँच्थिन् होला ।' हीराले भक्कानिँदै भनिन्, 'भदैनी छोडेर गइसकी । अरु दाइहरू घाइते हुनुहुन्छ, नत घर रह्यो नत भदैनी ।'

माइतीमा मात्रै होइन, आफ्नो घरमासमेत त्यस्तै पीडा रहेको उनी बताउँछिन् । उनको घरसमेत पूर्णरूपमा क्षति भएको छ । मानवीय क्षति भने हुन पाएन । तथापि, घर भने केही बाँकी छैन । 'हामीले भोग्नसम्म पीडा भोगिरहेका छौं । माइतीमा यति ठूलो समस्या भयो, घर केही रहेनन् । आफ्नो घरपनि सबै गइसक्यो । सबैतिर समस्या नै समस्या छ,' उनले भनिन् । सरकारले अहिले राहत त दिइरहेको छ । तर पुनःस्थापनाको काम छिटो गरिदिन उनको सरकारसँग माग छ । अहिले जाजरकोट र रुकुम पश्चिममा अधिकांश गाउँमा यस्तै पीडामा मानिस रहेका छन् । *रासस*


**नाङ्गलो बचत तथा ऋण सहकारी संस्था लि.**
**Nanglo Saving & Credit Co-operative Ltd.**
Tokha-8, Sayapatrinagar, Kathmandu, Nepal Tel. : 01-4983153

**नाङ्लो वचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औं साधारण सभा सम्बन्धी सूचना**

संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको मितिः २०८०/०७/१८ गते बसेको संयुक्त बैठकको निर्णयअनुसार यस संस्थाको १५औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भएकाले संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभामा पेश गरिने प्रस्तावहरू:**

१. आ.व. २०७९/०८० को अध्यक्षज्युको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८०/०८१ को बार्षिक योजना, बजेट नीति तथा कार्यक्रम पारित सम्बन्धमा ।
३. आ.व.२०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व.२०७९/२०८० को लेखापरिक्षण प्रतिवेदन तथा लाभांश माथि छलफलपछि पारित सम्बन्धमा ।
५. आ.व.२०८० /०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. आ.व.२०७९/२०८० मा सञ्चालक समितिले भई गरेका सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
७ १५औं साधारणसभाले अनुमोदित निर्णयलाई प्रमाणिकरण गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
८. विविध ।

**तपसिल**
**साधारण सभाको मिति, समय र स्थान :**
**मिति** : २०८० मंसिर २३ गते, शनिबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : संस्थाको कार्यालय परिसर ।

**भवदीय**
**रामकुमार तामाङ (कार्यकारी अध्यक्ष)**
**नाङ्लो वचत तथा ऋण सहकारी संस्था लि.**



श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरी ब्यारेक काठमाडौं

**कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरू खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(पहिलो पटक प्रकाशित मिति २०८०/०७/२४ गते)

१. यस कलेजको लागि आ.ब.०८०/८१ को अवधिभर आवश्यक पर्ने कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरु आपूर्ति गर्नको लागि e-GP प्रणालीद्वारा बोलपत्र पेश गर्न यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का | सामानको विवरण | परिमाण | बोलपत्र | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | नं. | सामानको विवरण | मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | |
| NA/ACSC/ MISC/010/81/01 | कार्यालय, मसलन्द, तालिम तथा विविध सामाग्रीहरु | बोलपत्रको कागजातमा उल्लेख भए अनुसार | १,३०,०००।०० | ३,०००।- | ९० दिन | २०८०।०७।२४ गतेको १२:०० बजेभित्र | २०८०।०८।२४ गतेको १३:०० बजे | |

२. बोलपत्र सम्बन्धी विस्तृत जानकारी श्री सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा राखिएको छ ।
३. बोलपत्र सम्बन्धी थप जानकारीको लागि यस कलेजको फोन नं.: ०१-५२४८०३३, ०१-५२४८०६६ मा सम्पर्क राख्न सकिनेछ ।



**काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. २९ ठेगाना भएका नसिमा खान (नागरिकता प्रमाण पत्र नं (३९७१/३३७७९, २०७४/03/२०, काठमाडौं) को नाममा जारी सूचना**

**प्रकाशित मितिः २०८०/०७/२४**

तपाई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. २९ ठेगाना भएका नसिमा खान (नागरिकता प्रमाण पत्र नं. ३९७१/३३७७९, २०७४/०३/२०, काठमाडौं) (मोबाइल नं. ९८४४३७७७९४) ले मिति २०८०/०६/१२ गते एन.आइ.सी. एशिया बैंक लि. को नागरिक दैनिकमा प्रकाशित लिलामी काटेशन सम्बन्धी सूचना अनुसार मैतीदेवी स्थित तमोर मार्ग, घट्टेकुलोमा रहेको भूमि सुधार तथा मालपोत कायालय, डिल्लीबजारमा दर्ता कायम रहेको नसिमा खानको सिट १०२-११०६-१२ कित्ता नं. ३६३ को घर जग्गा समेत कोटेशन विट हाली बोलपत्र स्वीकृत भई निजले मिति २०८०/०७/१४ मा पम्फा कुमारी दाहालको नाममा आएकोमा निज नसिमा खानले हालसम्म घर खाली नगरेको हुँदा घर खाली गरी पाउँ भनी जग्गाधनी पम्फा कुमारी दाहालको निवेदन यस वडा कार्यालयमा पर्न आएको हुँदा यो पत्र प्राप्त भएको वा टाँस भएको मितिले ३५ (पैतीस) दिन भित्र घर खाली गरी पाउँ भनी घरधनी पम्फा कुमारी दाहालले मिति २०८०/०७/२२ मा यस वडा कार्यालयमा निवेदन दर्ता गर ाउनु भएकोमा उक्त घर खाली गरी दिनु हुन यो सूचना जारी गरिएको छ । अन्यथा प्रचलित कानुन बमोजिम कारवाही अघि बढाइनेछ ।



# Dodhara Chandani Municipality
# Office of the Municipal Executive
**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## INVITATION FOR BIDS

**First Date of Publication: 2080/07/24**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Blacktop Road construction work, Ward 06 and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at the office of Dodhara Chadani Municipality or www.bolpatra.gov.np
3. Bidding documents may be purchased from the office of Dodhara Chadani Municipality, Dodhara Chadani, Kanchanpur or www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) (30th day.) from the first date of publication of this notice.
4. Bids must be submitted to the office of Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur or through www.bolpatra.gov.np, on or before 12.00hr. noon on 2080/08/24 Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on 2080/08/24 and 14.00hr. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of as mention below, which shall be valid for 30 days beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Through eg-p, they may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in Dharauti Khata Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.
   Account Name. Dharauti Khata and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT & PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| DCM/10/ BTRW/ 2080/081 | NTC Tower-Srijana Madam-Oli Tool and Pattarnala Birdge-Jogbuda Road Blacktop Construction Work, Ward 06 | 54,76,039.31 | 1,60,000.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



Samriddhi Finance
Partnership for Prosperity

**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**
**Samriddhi Finance Company Limited**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४**
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

**आ.व. २०८०/८१ को पहिलो त्रैमासिक प्रतिवेदन**

**(१) वित्तीय विवरण :**

**(क) त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण :**
आ.व. २०८०/८१ को पहिलो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण मिति २०८०/०७/१७ को प्रभाव दैनिक पत्रिकामा प्रकाशित भैसकेको छ ।

**(ख) कम्पनीका प्रमुख वित्तीय अनुपातहरु :**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक | : रु. (४.८३) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | : रु. २८५.०८ |
| मूल्य आम्दानी अनुपात | : (५५.२२) | तरलता अनुपात | : ३२.४७ प्रतिशत |
| प्रति शेयर नेटवर्थ | : रु. ७४.७२ | | |

**(२) व्यवसायीक विश्लेषण**
(क) २०८० साल असाढ मसान्तको तुलनामा यस त्रैमासमा निक्षेपमा १७.७७ प्रतिशतले कमी भएको, कर्जामा ८.०८ प्रतिशतले कमी भएको र ४.५९ प्रतिशत रहेको निष्कृय कर्जा अनुपात ४.७९ प्रतिशत कायम भएको छ ।
(ख) विगतका अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्ने कुनै घटना अवस्था आदी नभएको ।

**(३) कानूनी कारवाही सम्वन्धी विवरण**
(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
(ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।
(ग) ऋण असुली सँग सम्बन्धित मुद्दाहरु अदालतमा विचाराधिन रहेको ।

**(४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
(क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।
(ख) यस अवधिको शेयर कारोबार देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| शेयरको अधिकतम मूल्य : रु. ३३५ | शेयरको न्यूनतम् मूल्य : रु. २६० |
| अन्तिम मूल्य : रु. २६६.७० | कारोबार भएको कुल दिन : ६१ |
| कारोबार संख्या : ५,८३३ | शेयर संख्या : ९,८८,६८९ |

**(५) समस्या तथा चुनौती**
संस्थालाई नेपालको वित्तीय बजारमा एक सबल वित्तीय संस्थामा परिणत गर्न विद्यमान मानव संसाधन तथा अन्य साधनहरुको यथोचित व्यवस्थापन गरी कूशलतापूर्वक अघि वढ्नु पर्ने स्थिति रहेको छ । यसका लागि आई पर्ने समस्या तथा चूनौती समाधानका उपायहरु बारे संस्थाले समय समयमा समीक्षा गरी रणनीती समेत बनाई सोको सहजिकरणको उपाय अबलम्बन गर्ने गरेको छ ।

**समस्या र चुनौती :**
- समग्र अर्थतन्त्रमा देखिएको नैरास्यता
- बैंक तथा वित्तिय संस्थाहरु बीच कायम तिव्र प्रतिस्पर्धा
- नीति नियममा हुने परिवर्तनले व्यवसायमा पर्ने अल्पकालिन तथा दिर्घकालिन प्रभाव
- शाखा सञ्जालमा कमि तथा दक्ष जनशक्तिहरुको अभाव
- बैंकिङ्ग व्यवसायमा देखिएको तरलताको अभाव
- कर्जा असुलीमा देखिएका चुनौतीहरु

विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरुबारे व्यवस्थापन तथा संचालक समितिले समय समयमा समिक्षा गरी रणनिति बनाई सोको निराकरणको उपाय अवलम्वन गरी सोहि अनुसार गरिएको छ ।

**(६) संस्थागत सुशासन :**
संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित र प्रभावकारी गर्न आन्तरिक लेखापरिक्षक मार्फत नियमित लेखापरिक्षण सम्पन्न भैरहेको तथा लेखापरिक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरु व्यवस्थापन मार्फत कार्यान्वयन भई रहेको छ । संस्थामा अनुपालना विभाग गठन गरि नियमित रुपमा कार्यहरु भैरहेको छ । साथै गैर कार्यकारी संचालकको मातहतमा रहने गरी लेखा परिक्षण, जोखिम व्यवस्थापन, सम्पति शुद्धिकरण र कर्मचारी सेवा सुविधा जस्ता उपसमितिहरु गठन गरिएको छ । वित्तिय संस्थाको संचालन जोखिम कम गरी कारोवारलाई छिटो छरितो र वैज्ञानिक बनाउने उदेश्यले संचालक तथा व्यवस्थापक तहका विभिन्न समितिहरु गठन गरी कार्यान्वयन पक्षमा सुधार गरिएको छ । आन्तरिक सुशासन व्यवस्थापन गरी कर्मचारीको समग्र वृत्ति विकास र कार्यदक्षतालाई प्रभावकारी बनाउन उपसमिति गठन गरी आवश्यकता अनुसार कार्यहरु समिक्षा गर्ने व्यवस्था गरीएको छ । नेपाल राष्ट्र बैंकवाट समय समयमा प्राप्त निर्देशनलाई कडाईका साथ पालना गरिएको छ ।

**(७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

प्रमुख कार्यकारी अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# प्लास्टिकको फूललाई निरुत्साहित गरौं

सहरबजार होस् या गाउँघर, यतिखेर तिहारको माहोल भित्रिसकेको छ। जतातत्तै बत्तीको झिलिमिली र फूलहरूले सजिने क्रम बढ्दो छ। बत्ती र फूलहरूको पर्व तिहार दसैंपछिको ठूलो पर्व मानिन्छ। तिहारमा फूल नै विशेष हो। घर, पसल, मन्दिर तथा विभिन्न सार्वजनिक स्थलहरूमा फूलको माला विशेष रूपमा सजाइन्छ। यसका साथै दाजुभाइलाई माला लगाइदिने भएकोले पनि तिहारमा फूलको व्यापार ह्वात्तै बढ्ने गर्दछ। विभिन्न प्रकारका फूलले राम्रो बजार पाउने यही बेला हो।

फूललाई पवित्र वस्तु मानिन्छ। त्यसैले यसको विशेष महत्त्व रहेको छ। नेपालमा पछिल्लो समय फूलखेती फस्टाउँदै गएको देखिन्छ। यसले कृषकलाई आम्दानी जुटाउन मात्र नभई मुलुकको अर्थतन्त्रमासमेत योगदान पुऱ्याइरहेको छ। तर, पछिल्लो समय रंगीचंगी प्लास्टिकका फूलहरूको प्रयोग पनि बढ्दो छ। आयातीत यस्ता फूलहरू तुलनात्मक रूपमा सस्तो हुने र टिकाउ पनि हुने भएकोले आकर्षण बढेको देखिन्छ। सस्तो र टिकाउ हुनु राम्रो कुरा हो तर प्राकृतिक फूलको जति महत्त्व हुन्छ प्लास्टिकको कृत्रिम फूलमा हुँदैन। प्राकृतिक फूलको प्रयोगले हुने लाभ त्यसले दिन सक्दैन। सरोकारवालाहरूले यो कुरा बुझाउन सकेका छैनन्।

अहिले तिहार नजिकिँदै गर्दा विभिन्न जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरूले प्लास्टिकका फूल, गुच्छालगायत सामग्री प्रयोग नगर्न अपिल गरिरहेका छन्। यो सकारात्मक पहल हो। हामीले सर्वसाधारणलाई प्राकृतिक फूलकै प्रयोगमा प्रोत्साहित गर्न जरुरी छ। किनकि प्लास्टिकको फूलको प्रयोगले बेफाइदै बेफाइदा छ। एक त ती फूल विदेशबाट आयात गरिन्छ जसले मुलुकको व्यापार घाटा बढाउन मद्दत गर्दछ। त्यसको सट्टा स्वदेशमै उत्पादित प्राकृति फूलको प्रयोग गर्दा अर्थतन्त्रमा योगदान पुग्दछ।

अर्कोपक्ष भनेको प्लास्टिकका फूलले प्रदूषण बढाउन विशेष भूमिका खेल्दछ। प्लास्टिकजन्य सामग्री त्यत्तिकै पनि स्वास्थ्य र वातावरणका लागि हानिकारक हुने कुरामा सबै जानकार नै छौं। उक्त कुरा बुझेर पनि यस्ता वस्तुको प्रयोग गर्नु आफ्नै लागि घातक हो। त्यसैले यस्ता वस्तुको प्रयोगमा निरुत्साहित गर्ने कार्य सराहनीय छ। अझ यस खालका सचेतना बढाउनुपर्ने देखिन्छ। आयातीत प्लास्टिकका फूलबाट हुने बेफाइदा र दूरगामी असरबारे सर्वसाधारणलाई जानकारी गराउनैपर्छ। हामी सचेत नागरिकले प्राकृतिक फूलको प्रयोगमा जोड दिनुको विकल्प छैन। आफू मात्रै होइन अरुलाई पनि यो सन्देश दिने गर्दा स्वयं व्यक्तिमात्र नभई समाज र राष्ट्रकै लागि लाभ हुने निश्चित छ।

## मननयाग्य

### चाणक्य नीति

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ। नन्दको प्रवेशमा सबै दरबारिया उभिए। सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो। उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे। दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे। सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे। एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे। त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशराशीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन्।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो। राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा। व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो। राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे। पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले। शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए। केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन्। राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन। अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ। सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे।

# अमेरिका नेपालको बृहत्तर हित र सुदृढ सम्बन्ध चाहन्छ



**नारायणप्रकाश साउद**
**परराष्ट्रमन्त्री**

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनको निमन्त्रणामा अमेरिकाको पाँचदिने औपचारिक भ्रमणमा वासिङ्टन डिसी आएका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले यहाँ महत्वपूर्ण भेटघाट गरी द्विपक्षीयहितका बहुआयामिक छलफल गरेका छन्। यही कात्तिक १३ गतेदेखि सुरू भएको उनको भ्रमणका क्रममा सोही दिन आफ्ना अमेरिकी समकक्षी विदेशमन्त्री एन्टोनी ब्लिंकेनसँग भेटवार्ता गरेका थिए। तत्पश्चात् उनी पाँच दिन यहाँ रहँदा झण्डै एक दर्जन भेटवार्ता एवं कार्यक्रममा सहभागी भएका थिए। यसक्रममा व्यापार, कूटनीतिक, सूचना प्रविधि, विकास, लगानी, खाद्यसुरक्षा, जलवायु परिवर्तनजस्ता विषयमा अमेरिकी अधिकारीसँग छलफल गरेका मन्त्री साउदले अमेरिकी सहयोग नियोग र मिलेनियम च्यालेञ्ज कर्पोरेसनका उच्च अधिकारीसँगसमेत छलफल गरेका थिए।

नेपाल र अमेरिकाले दौत्य सम्बन्ध स्थापना गरेको ७६ वर्षको अवधिमा नेपालको महत्त्वपूर्ण विकास साझेदारका रूपमा अमेरिकाले नेपालको सामाजिक, आर्थिक विकासमा सदैव सहयोग गर्दै आएको छ। 'प्वाइन्ट फोर प्रोग्राम'मार्फत सन् १९५१ देखि नेपालको स्वास्थ्य शिक्षा कृषि पूर्वाधारलगायतका क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले पछिल्लोपटक एमसिसीमार्फत ५० करोड अमेरिकी डलरको अनुदान सहायतामार्फत नेपाललाई सबैभन्दा ठूलो धनराशिको अनुदान प्रदान गर्ने देशका रूपमा आफूलाई उभ्याएको छ। भूगोलले विपरीत र टाढा रहे पनि नेपाली नागरिकसँगको सम्बन्धमा भने अमेरिका नजिक छ।

अमेरिकामा रहेका नेपाली अमेरिकनका कारणले पछिल्ला दशकमा नागरिकस्तरको सम्बन्धसमेत मजबुत हुँदै गएको विश्लेषकहरूको भनाइ छ। यी र यस्तै अवस्थामा नेपालले आफ्नो आर्थिक विकासका लागि अमेरिकामा रहेको पुँजी र प्रविधिबाट लाभ लिने प्रयत्न पनि गरिरहेको छ। यस्तो अवस्थामा नेपाल सरकारकोतर्फबाट परराष्ट्रमन्त्री साउदको भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप उचाइ प्रदान गरेको टिप्पणी कूटनीतिक वृत्तमा गरिएको छ। उनको यो भ्रमण र भेटघाट दुई देशबीचमा यो स्तरमा पाँच वर्षपछि भएको पटक भएको हो। नेपाल–अमेरिका सम्बन्धका विविध पक्ष, उहाँको पछिल्लो अमेरिका भ्रमण, नेपालमा अमेरिकी लगानी तथा सहयोगको चासोसहितका विविध क्षेत्रहरु समेटेर अमेरिका भ्रमणकै क्रममा गतहप्ता वासिङ्टन डिसीमा **मन्त्री साउद**सँग ***रासस***का अमेरिका प्रतिनिधि **मधुकर अधिकारी**ले गरेको कुराकानीः

**नेपाल सरकार र अमेरिकी सरकारका उच्च अधिकारीहरू तपाईं र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनबीच भेटवार्ता भयो। दुई देशकाबीचमा पाँच वर्षपछि भएको यस भेटवार्ता कस्तो रहयो ?**

म अमेरिकी महामहिम एन्टोनी ब्लिंकेनको औपचारिक भ्रमणमा आएको हुँ। नेपाल र अमेरिकाबीच लामो समयदेखि घनिष्ट सम्बन्ध रहँदै आएको छ। ७६ वर्ष अगाडि नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध कायम भएको हो। नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको देशमा अमेरिका दोस्रो हो। संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्तिदेखि नेपालको विकास निर्माण स्वास्थ्य, खानेपानी प्रजातन्त्रको सम्वर्द्धन प्रवर्द्धन, गरिबी निवारणजस्ता कुराहरूमा अमेरिकाले नेपाललाई सहयोग दिँदै आएको छ। नेपालसँग घनिष्टसम्बन्धी रही आएको अमेरिका सबैभन्दा ठूलो दातृ राष्ट्रका रूपमा स्थापित भइसकेको छ।

एमसिसी युएसएआइडीको सहयोगमार्फत नेपाललाई अनुदान दिने ठूला राष्ट्रहरूमा अमेरिका सूचीकृत छ। यस्तो सम्बन्ध भएको देशमा नियमतिरूपमा उच्चस्तरीय भ्रमणको आदानप्रदान जरुरी छ। यो पटक अमेरिकाले आमन्त्रण गरेकाले म नेपाल सरकारको प्रतिनिधित्व गर्दै आएको हुँ। नेपालका विकासका विविध पक्ष र सम्बन्धका धेरै आयामका बारेमा हामी विमर्श गरेका छौं।

**नेपालमा अमेरिकाले गर्दै आएको सहयोग र पछिल्लोपटक एमसिसीलगायत अरु आयोजनाहरूको कार्यान्वयनमा चासो राख्दै आएको देखिन्छ, यस विषयमा केही छलफल भयो ?**

नेपालले आगामी सन् २०२६ मा अति कम विकसित देशबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रयास गरिरहेका छौं। यो हाम्रो प्रयत्नलाई स्पष्ट दिगो र पछाडि फर्कन नपरोस् भन्ने कुरामा नेपालले कोसिस गरेको छ। यो कामका लागि एउटा प्रमुख दातृराष्ट्रको नाताले अमेरिकाले पनि सहयोग गर्दै आएको छ। नेपालको बजेटमासमेत प्रतिविम्बित हुने गरेर अनुदान सहायता उपलब्ध गराउँदै आएको छ। एमसिसी परियोजनामार्फत विद्युत् प्रसारण लाइन र सडक निर्माणका लागि पनि ठूलो रकम अनुदानको सहयोग गर्दै आएको छ। कृषि, खाद्यसुरक्षाका लागि कृषिको विकास हुन जरुरी छ। अन्य क्षेत्रमा पनि सहयोग, लगानी र प्रविधिका क्षेत्रमा केवल अनुदान र सहयोग मात्र होइन कि हामीहरूलाई लगानीको आवश्यकतासमेत भएकाले नेपाललाई प्रविधिसम्म पहुँच चाहिएको र लगानीका लागि प्रत्यक्ष लाभ लिनसक्ने क्षेत्रमा तपाईंहरूले लगानी गर्नुपऱ्यो भनेर मैले आग्रह गरेँ।

**नेपाल र अमेरिकाबीच हुँदै आएको पारस्परिक सम्बन्धका महत्त्वपूर्ण पाटाहरू छन्। तर केही आलोचकहरू अमेरिकाको सुरक्षा छातामा नेपाल जान लागेको पनि भन्दै छन्। यसमा अमेरिकाको भ्रमण गर्दै गर्दा मन्त्रीज्यूको के प्रतिक्रिया छ ?**

नेपालले एउटा असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको छ। हामी संयुक्त राष्ट्रसंघको वडापत्र र पञ्चशीलको सिद्धान्तमा अभ्यस्त रहँदै आएका छौं। यसमा हामीहरूको विश्वास छ। हामीहरूको छिमेकीलगायत अन्य देशसँग सुमधुर सम्बन्ध रहँदै आएको छ। हामीले हाम्रो २५० वर्षको कूटनीतिक अनुभवलाई मुलुकको उन्नति प्रगति र जनताका हितका लागि प्रयोग गर्न चाहन्छौं।

मित्रराष्ट्रहरूसँग पनि त्यसैअनुसार सम्बन्ध सुदृढ गरेर अगाडि बढिराखेका छौं। जहाँसम्म अमेरिकाको कुरा छ, नेपालको बृहत्तरहित र उन्नति लागि एउटा निःस्वार्थ सहयोगीका रूपमा लामो समयदेखि आफूलाई प्रस्तुत गर्दै आएको मैले महसुस गरेको छु। त्यसैले हाम्रो नीति असंलग्न परराष्ट्रबाट निर्देशित छ र हामी त्यहीअनुसार अगाडि बढ्छौं।

अमेरिका हामीहरूको एक मित्रराष्ट्र हो र यसले नेपालप्रति सद्भाव राख्दै आएको छ। हामीले पनि अमेरिकी प्रविधि, पुँजी, लगानीलाई हरेक सम्भावना भएका क्षेत्रमा परिचालन गर्नुपर्दछ। हामीले अमेरिकी सदाशयतालाई उपयोग गरेर आफ्नो समृद्धिको यात्रा तय गर्नुपर्छ। अमेरिकी सरकार र यहाँका नागरिकको सद्भाव र समृद्धिबाट हामीले पनि लाभ लिन सक्ने हुनुपर्दछ। यसपटक मैले यहाँ गरेका द्विपक्षीय भेटवार्ताहरूमा यी पक्षहरूलाई पनि विशेष ध्यान दिएको छु।

**यसपटक यहाँले एमसिसी परियोजनाको कार्यान्वयनका बारेमा छलफल गर्नुभयो। एमसिसीको कार्ययोजनाअनुसार कतिपय देशहरूले दोस्रो परियोजनामा पनि सम्झौता गरेको देखिन्छ, नेपालले पनि यस सम्बन्धमा केही गृहकार्य गरेको छ कि ?**

अहिले एमसिसी कार्यान्वयनमा गइसकेको छ। अमेरिकी अनुदान र नेपालको पनि लगानी भएको परियोजना, दुवै देशको प्रतिष्ठा र सपनासँग जोडिएको छ। यो मैत्रीपूर्ण आयोजनाको तोकिएका समयमा नै पूरा गर्न सकियोस् भनेर दुवै सरकार चिन्तित छौं। एमसिसीका थप परियोजना भविष्यमा फेरि आकर्षित गर्न सक्नेछौं भन्ने मलाई विश्वास छ। हामी लक्षित आयोजनाहरू समयमै सम्पन्न गर्नेछौं।

**तपाईंले परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेपछि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा देखिने तरिकाले सहभागिता जनाइरहनुभएको छ। यसलाई दिगोरूपमा अगाडि बढाएर भविष्यमा रणनीतिकरूपमा स्थापित गराउने कुनै सोच राख्नुभएको छ ?**

नेपाल एक स्वतन्त्र राष्ट्रका रूपमा रहँदै आएको छ। अन्तर्राष्ट्रिय कूटनीतिमा पनि हामीहरूको आफ्ना अनुभवहरू छन् हाम्रा नीतिहरू समय परिस्थिति र आवश्यकताअनुसार परिमार्जन हुँदै अगाडि बढिरहेका छन्। त्यसका लागि नीतिगत र संरचनागत परिवर्तन आवश्यक हुन्छ। सरकारका तर्फबाट हामीहरूले परराष्ट्र मन्त्रालयमा पनि पुनःसंरचना गर्नुपर्ने आवश्यकता महसुस गरेका छौं। अब परम्परागत कूटनीतिक शैलीले मात्रै परिवर्तनशील समाजको वर्तमान आकांक्षा परिपूर्ति हुन सक्दैन। अब कूटनीतिमात्र नभई विकासका लागि र आर्थिक समृद्धिका लागि एउटा जरुरी भइसकेको छ। परराष्ट्र मन्त्रालयभित्र श्रम समस्यालाई समाधान गर्नु, आर्थिक कूटनीतिलाई विस्तार गर्नु र लगभग पाँच भागको एक भाग जनसंख्या बाहिर रहेको नेपालीको सेवा प्रवाहलाई स्तरीय र मर्यादित बनाउनका लागि हामीहरूले आफूलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता मैले देखेको छु।

**नेपालको कूटनीति कहिलेकाहीँ उत्तेजनामा बहकिने गरेको छ भन्ने गरेको पनि सुनिन्छ। तपाईंले मन्त्रालय सम्हालेपछि यसलाई कसरी व्यवस्थापन गर्नुभएको छ ?**

वास्तवमा कूटनीति बहकावमा होइन कि समस्याको यथार्थ बुझाइ र राष्ट्रहरूकोबीचको परस्पर हितको प्रतिविम्ब हुनुपर्छ। दुईपक्षीय या बहुपक्षीय मामिलामा हुने वार्ताहरू हमेसा सहज हुन्छन् भन्ने छैन। यस्ता किसिमिका जटिल वार्तामा पनि राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर मुलुकले अगाडि बढ्नुपर्ने हुन्छ। नेपाल आफ्नो नीतिगत मान्यता, अनुभवहरू र भविष्यका कार्ययोजनालाई केन्द्रमा राखेर अघि बढिरहेको छ। हामी जस्तासुकै समस्याहरू पनि कूटनीतिक तवरबाट र वार्ताको टेबलमा बसेर समाधान गर्न सक्छौं भन्ने मलाई लाग्छ। हाम्रो कूटनीतिक प्रयास पनि यसैतर्फ लक्षित हुनुपर्छ भन्ने मेरो विश्वास हो।

**परराष्ट्र मन्त्रालयका जिम्मेवारी सम्हाल्दै गर्दा के–कस्ता चुनौतीको सामना गर्नुपरेको छ ?**

परराष्ट्र नीति एउटा व्यक्ति या पार्टी विशेषको हुनु हुँदैन। परराष्ट्र नीतिले समसामयिक राजनीति, कूटनीति, विकास र राष्ट्रिय सहमतिलाई पनि प्रतिविम्बित गर्नुपर्छ। परराष्ट्र नीतिलाई आन्तरिक राजनीतिको या द्वन्द्वको प्रतिछायाँ बनायो भने हाम्रो देश र हामीप्रतिको बाहय दृष्टिकोण नकारात्मक हुनसक्छ। त्यसकारण आन्तरिक राजनीतिलाई पनि सुदृढ र बलियो बनाउँदै लैजाने र त्यसलाई बाहय संसारमा पनि प्रभावकारी किसिमले मुखरित गर्न सक्यौं भने परराष्ट्र नीति सफल हुन्छ। मैले देश बाहिर जाँदा जहिले पनि आफ्नो देशको राष्ट्रिय सहमतिको प्रतिनिधित्व गरेको छु। राष्ट्रिय हितको प्रतिनिधित्व गरेको छु। साथै जनतालाई र उनीहरूको आकांक्षाहरूलाई केन्द्रमा राखेको छु।

राजनीतिमा विवाद हुन्छ, प्रतिस्पर्धात्मक राजनीतिमा यो विवाद अलि बढी पनि हुनसक्छ। बहुदलीय संसदीय व्यवस्थाभित्र विवादलाई हामीले स्वाभाविकरूपमा लिएका छौं। यसरी हुने विवाद नेपालको बाहय संसारलाई हेर्ने दृष्टिकोण, देशको प्रतिरक्षा, देशको आर्थिक हितमा आघात नपुग्ने गरेर मात्रै हामी अगाडि बढ्नुपर्छ। यदि हामीहरू यी कुरामा सचेत भएनौं भने र त्यसो भएन भने बाहय शक्तिले पनि आन्तरिक राजनीतिमा खेल्ने 'स्पेस' पाउन सक्दछन्। हामी यस्तोमा सर्तकतापूर्वक अगाडि बढ्नुपर्छ।

**कतिपय देशमा कूटनीतिक नियोगले प्रभावकारी काम गर्न सकेनन् भन्ने गुनासो पनि आउने गरेको छ। यसलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

सरकारले गर्ने कामलाई प्रभावकारी बनाउँदै सरकारले गर्न नसक्ने कामको 'डायस्पोरा'मा रहनुभएकाहरूको हित हुने गरेर कुनै 'आउट सोर्सिङ'को प्रक्रियाबाट पनि यो समस्याको समाधान गर्न सकिन्छ। अब परराष्ट्र मन्त्रालय पुरानै ढर्रामा चलाएर मुलुकबाहिर रहेको करिब ६० लाख मानिसको ठूलो संख्याको समस्या समाधान हुन सक्दैन भन्ने मलाई लाग्छ।

हाम्रो मुलुकमा अहिले पनि वर्षमा कम्तीमा १२ खर्ब रूपैयाँ रेमिटचान्स भित्रिइरहेको छ। यत्रो रकम नेपालमा पठाउने नेपालीको सेवा प्रवाह मैत्रीपूर्ण, सेवाभावले भरिएको हुनुपर्छ। उनीहरूका समस्यालाई सरकारले आत्मसात् गरेर, सम्बोधन गरेर अगाडि बढ्नुपर्छ। त्यस्तै बदलिँदो विश्व परिवेशमा नेपाललाई लाभ हुने गरी कूटनीतिक कौशलता प्रदर्शन गर्नुपर्नेछ। आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानीको आकर्षणलाई पनि विश्वमा पुपुऱ्याउनुछ। यसका लागि दरिलो र अब्बल परराष्ट्र नीति र त्यस बमोजिमको कौशलता अहिलेको आवश्यकता हो।

# विपद्को पूर्वतयारीबारे अन्तर्राष्ट्रिय सम्मेलन धुलिखेलमा हुने

**काभ्रेपलाञ्चोक–** विपद् पूर्वतयारी तथा व्यवस्थापनसम्बन्धी पहिलो अन्तर्राष्ट्रिय सम्मेलन काभ्रेपलाञ्चोकको धुलिखेलमा हुने भएको छ । आउँदो डिसेम्बर १-३ अर्थात् मंसिर १५ देखि १७ गतेसम्म धुलिखेल सामुदायिक अस्पतालमा सम्मेलनको आयोजना गरिने भएको हो ।

सम्मेलनमा विभिन्न मुलुकका विपद्का विशेषज्ञ सहभागी हुने र तीन दिनसम्म विश्वका विभिन्न मुलुकमा भएका विपद् पूर्वतयारीका विषयमा बृहत् छलफल हुने जनाइएको छ । छलफलपछि विपद् पूर्वतयारी तथा व्यवस्थापनका नयाँ विधि एवं तरिका धुलिखेललगायत नेपालका अन्य अस्पतालमा अपनाइने सम्मेलनको पूर्वतयारीस्वरूप अस्पतालमा भएको सरोकारवालासँगको छलफलमा आयोजक समितिका संयोजक प्रा.डा. बलराम मल्लले बताए ।

उनका अनुसार प्रकोप, त्यसको असर तथा आघात, आपत्कालीन उद्धार तथा त्यसको सञ्चार, प्रकोपमा हेरचाहको बिन्दु अर्थात् विभिन्न तयारी, अन्तरविभाग, अन्तरअस्पताल र सञ्चार समन्वयबारे बृहत् छलफल हुने छ ।

सम्मेलनमा सामरिक चिकित्सा, उपचारका लागि आवश्यक पर्ने अन्य उपकरण तथा सामग्री, संक्रमण रोकथाम र नियन्त्रण, अस्पतालमा हुने नेतृत्वदायी भूमिका तथा निर्देशन र संयोजन, प्रकोपमा नेतृत्व, विपद् व्यवस्थापन अनुभव साझेदारी, अभ्यास तथा प्रकोपमा औषधिको व्यवस्थापन र सूचना सञ्चार, संक्रामक रोगको प्रकोप, ठूलो भूकम्प, विमान दुर्घटना, अस्पतालको भवन भत्किएको अवस्थामा उपलब्ध गराउनुपर्ने स्वास्थ्य सेवा तथा अन्य प्रकोपमा खेल्नुपर्ने भूमिकाबारेमा बृहत् छलफल हुने जनाइएको छ ।

सम्मेलनमा विभिन्न देशका विशेषज्ञले कार्यपत्र प्रस्तुत गर्ने छन् । छलफलमा वि.सं. २०७२ को भूकम्पमा एकैपटक चार हजारभन्दा धेरै बिरामीको उपचार गराएको अनुभव तथा अभ्यासका आधारमा अस्पतालले सुरु गरेको विपद् पूर्वतयारीबाट ठूला घटनामा स्वास्थ्य संस्थाले अपनाउनुपर्ने पूर्वतयारी र सरोकारवालाको भूमिकाका बारेमा सम्मेलन महत्त्वपूर्ण हुने बताइयो । *रासस*

## चौतारा साँगाचोकगढी नगरपालिका
